...बोटबाट बढी उत्पादन लिन सकिन्छ। प्लास्टिक बिछ्याई बिरुवा मात्र हुर्कन दिएमा झारपात कम आउने र चिस्यानको मात्रा कायम रहने र फल रु पातहरुले माटोमा छुन नपाउने हुदा रोग लाग्ने संभावना कम हुन्छ।

## उत्पादन

काँक्रोको उत्पादन जात हेरी सरदर १२-१४ मे.टन प्रति हेक्टर सम्म हुन सक्दछ। काँक्रो यथासम्भव टिपेपछि छिटो खानु पर्दछ। १०. से. तापक्रम र ८५% सापेक्षित आद्रतामा २ हप्तासम्म भण्डारण गरी राख्न सकिन्छ।

## रोग र किरा व्यवस्थापन

काँक्रोमा लाग्ने रोगहरु मध्ये पाउडरी मिल्ड्यु र डाउनी मिल्ड्यु प्रमुख रोगहरु हुन्। पाउडरी मिल्ड्यु रोग लाग्दा पातको माथिल्लो भागमा सेतो पाउडर जस्तो धुलो र डाउनी मिल्ड्यु लाग्दा पातको तलपट्टी पानीले भिजे जस्तो रातो दाग र पछि गएर पात सुकेको जस्तो देखिन्छ। यी रोगको नियन्त्रण गर्नको लागी क्याराथेन २ ग्राम प्रति लिटर पानीमा घोली १५ दिनको फरकम ३ पटक पातमा स्प्रे गर्नु पर्दछ।

व्यवसायिक रुपमा काँक्राको खेती गर्ने कृषकले यसमा लाग्ने रोगहरुको नियन्त्रण गर्न निम्न उपाय गर्नु पर्दछ।

- पहिलो दिन ८ लिटर पानीमा सिसाको १ चिया गिलास नतताएको दुध मिसाई पातमा स्प्रे गर्ने।
- त्यसको २ दिनपछि प्रिभेन्टल १ ग्राम प्रतिलिटर पानीमा मिसाई २-३ घण्टा भिजाई राख्ने त्यसको २ दिनपछि क्रिल्याक्सिल गोल्ड २ ग्राम प्रति लिटर पानीमा, मल्टिप्लेक्स ३ ग्राम प्रति लिटर पानीमा स्ट्रेप्टोमाइसिन २ ग्राम प्रति १० लिटर पानीमा मिसाई छर्ने। यो प्रक्रिया काँक्रो बाली लिने अवधिसम्ममा ३ पटक प्रयोग गर्नु पर्दछ।
- ५ लिटर पानीमा १ कि.ग्रा. गोबरको दरले प्लाष्टिक भाँडामा १०-१५ दिनसम्म र ाख्ने अनि काँक्रो ४-५ पाते भएपछि प्रति बोट १ गिलास राख्नाले विभिन्न रोगकिरा लाग्नबाट बचाउनुको साथै बिरुवालाई मल समेत प्रदान गर्दछ।
- रातो खपटे किराको लागी मालाथियान ५०% ई.सी.(मालाथियान रिमेडी, सायथियान, सुर्याथियान) २ मिलिलिटर प्रति लिटर पानीमा घोली स्प्रे गर्ने। यससँगै निममा आधारित कीटनाशक बिषादि छर्ने। कुहेर झरेको फललाई बटुली गहिरो खाडलमा हाली परी दिनु पर्दछ।
- फल कुहाउने औंसाको लागी औंसाको माउ झिंगा यता उता उडेको देख्नासाथ मालाथियान ५०% ई.सी. (मालाथियान रिमेडी, सायथियान, सुर्याथियान) २ मिलिलिटर प्रति लिटर पानीमा घोली स्प्रे गर्ने। यससँगै १० ग्राम चिनी वा भेली मिसाई ७ दिनको फरकमा छर्कनु पर्दछ। अथवा मिथाइल क्युलियरको फेरोमेन ट्रेप प्रति कट्टा ३ वटाका दरले जमिन भन्दा २ फिट उचाईमा झुन्ड्याउनु पर्दछ।
- काँक्रोमा हर्मोनको प्रयोग
- काँक्रा बालीमा जिब्रेलिक एसिड (GA) १००० पि.पि.एम.को झोल बनाई बर्ना २ देखि ४ पाते हुँदा छर्केमा बिरुवामा भाले फूल बढाई भाले र पोथी फूलको अनुपात मिल्ने र फूल झर्नबाट रोकिन्छ। उत्पादन बढ्छ। त्यसै गरी इथ्रेल २००-५०० पि.पि.एम. अथवा मैलिक हाइड्राजाइड(Meleic Hydrazide) ५०-१०० पि.पि.एम.मा छरेमा पोथी फूलहरु बढाई भाले र पोथी फूलको अनुपात मिलाउँछ।
- काँक्रो बालीमा मल्टिप्लेक्स ३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्कने गर्नाले फूल झर्नबाट जोगिन्छ र उत्पादनमा वृद्धि हुन्छ।

## बीउ उत्पादन

यो परसेचित बाली भएकाले मुल बीउ उत्पादनका लागी एक जात देखि अर्को जातको दुरी १००० मिटर र उन्नत बीउको उत्पादनका लागी ४०० मिटर कायम गरी लगाउनु पर्दछ।

## रोगिङ्ग

गुणस्तरीय बीउ उत्पादन गर्न फूल फूल्नु अगाडी, फलको विकास हुने समयमा र फल टिप्ने अवस्थामा रोगी बिरुवा रोगिङ्ग गरी हटाउनु पर्दछ।

## टिप्ने अवस्था

फल हरियो रङ्गबाट खैरो रङ्ग भएपछि भौतिक रुपले पुरा परिपक्व भएपछि टिप्नु पर्दछ। यस्तो बेलामा काँक्राका बीउहरु पुरा पाकी सकेका हुन्छन्।

## बीउ निकाल्ने

काँक्रोको गुदीलाई प्लाष्टिक वा माटोको भाँडोमा १-२दिनसम्म राख्ने र बीउलाई निकाल्ने। यसरी निकालेको बीउलाई सफा पानीले २-३ पटक धोएर सुकाउनु पर्दछ। बीउलाई प्याकिङ्ग गर्न यसमा चिस्यान १०% सम्म हुनु पर्दछ। भने लामो समयसम्म भण्डारण गर्न ६% चिस्यान हुनु पर्दछ।

## बीउ उत्पादन

काँक्रोको औसत बीउ उत्पादन १००-२०० कि.ग्रा. प्रति हेक्टर सम्म हुन्छ।

**समाप्त**

# काक्रा खेती प्रविधि



लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

पाल्पा

## परिचय

काँक्रा कुकुरबिटेसी (Cucurbitaceae) परिवार अन्तर्गत पर्ने लहरे बाली हो । यसको उत्पत्ति नेपाल र भारतको दक्षिण पुर्वी भागमा भएको मानिन्छ । अन्य लहरे बाली जस्तै काँक्रो पनि धेरै गर्मी र धेरै जाडो, तुसारो र कुहिरो सहन नसक्ने बाली हो । यसलाई लामो समयसम्म न्यानो तापक्रम आवश्यक पर्दछ । सरदर २५-३० सेन्टिग्रेट तापक्रम बोट वृद्धि फल लाग्न उत्तम मानिन्छ भने रातको तापक्रम १५ सेन्टिग्रेट भन्दा कम भएमा फल लाग्दैन, फल लागि हाले पनि बाङ्गाटिङ्गा, बटारिएका हुन्छन् । पौष्टिक हिसाबले काक्रोमा भिटामिन बि, सि र क्याल्सियम, फस्फोरस र पोटास बढी पाईन्छ ।

## बनस्पति बिबरण

काँक्रोको बोट कम लहरा देखि बढी लहरा जाने, हाँगा हुने र पातमा ३-५ खण्ड परेको हुन्छ । साथै पातको फेदबाट त्यान्द्राहरु निस्कन्छ ।काँक्रो बोटको जरा लामो, गहिरोसम्म जाने हुन्छ । एउटै बोटमा भाले र पोथी फूलहरु फुल्ने गर्छन् ।

## जातहरू

- कुशलेः यो जात भदौं असोज अर्थात सुख्खा मौसममा र जहाँ कुहिरो कम लाग्छ त्यहाँ उत्पादन लिन सकिन्छ अगौटे बालीको रुपमा लगाउन सकिन्छ । फल हल्का हरियो काडाँ उम्रेका जस्ता देखिने, खाँदा मिठो स्वाद र बीउ रोपेको ७५-८० दिनमा पहिलो पटक टिप्न सकिन्छ । यसको खेती तराई र मध्य पहाडी क्षेत्रमा गर्न उपयुक्त मानिन्छ ।
- भक्तपुर स्थानीयः फल ठुलो हल्का हरियो सेतो र धेरै लहरा जाने र भाँगिने खालको हुन्छ । यो जात मध्य पहाडी क्षेत्रमा खेती गर्न सिफारिस गरिएको छ । यसको उत्पादकत्व ३०-३५ मे.टन प्रति हेक्टर रहेको छ । ६० देखि ६५ दिनमा टिप्न सकिन्छ ।
- मालिनीः अगौटे र पछौटे दुवै बालीको लागी उपयुक्त, माटोमा चिस्यान कम भएमा स्वाद तितो हुन सक्दछ ।
- निन्जाः यो बेर्ना सारेको ४५ दिनमा पहिलो पटक टिप्न सकिने, अगौटे बालीको रुपमा लिन सकिने र साउन-भदौमा उत्पादन लिन सकिने जात हो ।
- डाइनास्टीः यो बर्णशंकर पहिलो पुस्ताको जात हो। नेपाल सरकारबाट वि.सं. २०६६ सालमा सुचीकृत गरिएको हो । तराई देखि उच्च पहाड सम्म खेती गर्न सकिने, बेर्ना सारेको करिब ४२ दिन पछि पहिलो पटक टिप्न सकिन्छ ।
- बेलीः यो पनि बर्णशंकर पहिलो पुस्ताको जात हो। बेर्ना सारेको करिब ४० दिनमा पहिलो पटक टिप्न सकिने, प्रति हेक्टर ५०-७० मे.टन उत्पादकत्व भएको, उच्च पहाड देखि तराईसम्म यसको खेती गर्न सकिने ।

## माटो

काँक्रा खेतीको लागि बलौटे दोमट देखि पाँगो दोमट माटो उपयुक्त हुन्छ । पर्याप्त प्राङ्गारिक पदार्थ भएको ५.५ देखि ६.५ पि.एच. भएको माटो उत्तम मानिन्छ । काँक्रो बाली ५.५ पि.एच. भन्दा कम अर्थात अम्लिय माटोमा संबेदनशिल हुन्छ र बिरुवाको वृद्धि र उत्पादनमा असर पर्दछ ।

## बेर्ना उत्पादन प्रविधि

बेमौसमी खेतीको लागी पौष महिनामा बेर्ना तयार गरी माघको पहिलो वा दोश्रो हप्ता तापक्रम बढ्न थालेपछि बेर्नालाई खेतबारीमा सार्न प्लाष्टिकको थैलामा बीउ जमाउनु पर्दछ ।

### आवश्यक सामग्रीः

प्लाष्टिक थैला ४"X६" आकारको थैला, कम्पोष्ट वा गोबर मल, माटो, बाँसको भाटा र उन्नत तथा बर्णशंकर जातको गुणस्तरीय बीउ आवश्यक हुन्छ ।

- १ मिटर चौडाई र आवश्यकता अनुसार लम्बाईको करिब एक बित्ता गहिरो गरी नर्सरी ब्याड तयार गर्ने ।
- २.५ मिटर लामा बाँसका भाटालाई नुगाई उक्त ब्याडमा प्लाष्टिक ओढाई गुम्बोज बनाउने र गुम्बोज अर्धगोलाकार हुनुपर्दछ ।
- २ भाग माटो, २ भाग पाकेको गोबर मल र १ भाग बालुवाको मिश्रण तयार गर्ने । यसको साथै २ ग्राम मालाथियान पाउडर प्रति कि.ग्रा. माटोमा मिसाउने ।
- तयारी माटोको मिश्रणलाई ४"X६" आकारको थैलामा २-३ से.मी. छोडेर भर्ने र हलका तरिकाले खाँदने ।
- बीउलाई १२-२४ घण्टा सम्म पानीमा भिजाउने र प्रत्येक थैलामा ३ से.मी. गहिरो गरी २ वटा बीउ रोप्ने । बीउ अंकुरण गराई रोप्दा अझ छिटो र राम्ररी उम्रन्छ ।
- त्यसपछि यसलाई गुम्बोज भित्र ठाडो गराई टमक्क मिलाएर राख्ने, पानीले भिजाउने र माथिबाट परालले पातलो गरी छापो हाल्ने । अनि प्लाष्टिक सिटले ढाकी दिने ।
- प्लाष्टिक सिट दिउसो घाम लागेको बेला हटाउने र बेलुका राख्ने । चिसो हावा चले मा वा पानी परेमा दिउँसो पनि ढाकी दिने ।
- बिरुवा उम्रेपछि परालको छापो हटाई दिने, आवश्यकता अनुसार पानी दिने, रोग दे खा परेभिप्टिन १ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने । साथै १ ग्राम युरिया प्रति लिटर पानीमा मिसाई छरेमा बिरुवा राम्रोसँग बढ्छ ।
- बीउ राखेको २०-२५ दिनमा बिरुवा ३-४ पाते भएपछि मुख्य खेतमा लगेर सार्ने ।

### काक्रोको बीउ उमार्ने कृषक तरीका

काँक्राको बेर्नाहरु बेमौसममा तयार गरी रोप्न र मुख्य समयभन्दा १-२ महिना अगाडी रोपी राम्रो बजार मुल्य पाउनको लागी राम्रोसँग बीउ उमार्न निम्न तरीका अपनाउन सकिन्छ ।

- बजारको माग अनुसारको बीउ छनौट गर्ने ।
- बीउलाई १२-१४ घण्टासम्म पानीमा भिजाउने ।
- भिजाएको बीउलाई सेतो पातलो कपडामा राख्ने र पानी ओभाउन दिने ।
- आफ्नो घरको आँगनमा रहेको गाईभैसीलाई कुडो बनाउन राखेको चुल्होको करिब १ हात टाढा १-१.५ हात गहिरो हात छिराउन सकिने खाल्टो चुल्होको तलतिर पर्ने हिसाबले खन्ने ।
- त्यसपछि कपडामा राखी तयार गरेको बीउको पोकोलाई त्यस खाल्टोको तल राख्ने र माथिबाट कपडाको वा परालको तल्लो बनाई खाल्टोको प्वाल बन्द गरिदिने ।
- २-३ दिनमा बीउको निरीक्षण गर्ने र यसरी बीउ राखेको ३-४ दिनमा बीउमा टुसा निस्कन थाल्दछ ।
- यसरी उम्रेको बीउलाई प्लाष्टिक थैलामा माटो भरी माथि बताए जस्तै गुम्बोज बनाई राख्न सकिन्छ अथवा सिधै खेतबारीमा लगाउन सकिन्छ । सिधै खेतबारीमा लगाउदा लगाएपछि भुस वा परालले छोपिदिनु पर्दछ ।

बीउ उमार्दा मुख्य गरी तापक्रमलाई खयाल गर्नु पर्दछ । त्यसैले धेरै तापक्रम नहोस भन्नका लागी बीउ उमार्ने खाल्टो चुल्होको धेरै नजिक बनाउनु हुदैन ।

## बीउ दर

प्रति कट्ठा ६५-७० ग्राम

## रोप्ने समय

तराईमा काँक्रा रोप्नको लागी मुख्य समय माघ-फाल्गुन हो भने बेमौसमी खेती गर्नको लागी पौषमा बेर्ना तयार गरी रोप्नु पर्ने हुन्छ । जुन स्थानमा बाक्लो कुहिरो नलाग्ने हुन्छ त्यहाँ कुशले जातको काक्रो भदौ असोजमा लगाई कार्तिक मंसिरमा पनि फलेको पाइएको छ । मध्य पहाडमा फाल्गुन-चैत्रमा रोपिन्छ भने उच्च पहाडमा वैसाख देखि जेष्ठसम्म काँक्रो रोप्न सकिन्छ ।

## जग्गा तयारी र मलखाद

काँक्रो रोप्ने जग्गा २-३ पटक जोतेर समतल पार्नु पर्दछ । जग्गालाई २-२ मिटरको ड्याङ्ग बनाउनु पर्दछ रोप्ने दुरी अनुसार एक ड्याङ्गमा २ वटा खाडल खनी प्रत्येक खाडलमा २ देखि ३ कि.ग्रा. गोबर मल वा कम्पोष्ट मल राख्नु पर्दछ । प्रति रोपनी ५ कि.ग्रा. युरिया, ४ कि.ग्रा. र ३ कि.ग्रा. पोटास प्रयोग गर्न सकिन्छ। यदि जग्गा मलिलो छ भने सबै मलको मात्रा समानुपातिक रुपले घटाउन सकिन्छ ।

आधा भाग युरिया, डि.ए.पि. र पोटास पुरै भाग मिसाउने र प्रति खाडल ४० ग्राम पर्ने गरी हाल्ने । बाँकी रहेको आधा भाग युरियालाई प्रति बोट २ देखि ३ ग्राम पर्ने गरी पहिलो पटक बिरुवाको लहरा जान थालेपछि र दोश्रो पटक फूल फूल्न थालेपछि दिनु पर्दछ । मल दिदा माटोमा चिस्यान हुनुपर्दछ । यसका साथै जुन माटोमा बढी किरा लाग्ने गरे को छ भने प्रति खाडल १० ग्राम मालाथियान धुलो राख्नु पर्दछ ।

## रोप्ने दुरी र रोप्ने तरीका

काक्रोको जात अनुसार २ मिटर लाइन देखि लाइन र १ मिटर बोट देखि बोटसम्मको दुरीमा ३०-४० से.मी. गहिरो गरी खाडल खनी माथि उल्लेख गरे अनुसारको मलखाद प्रयोग गर्नु पर्दछ । यसरी तयार गरेको खाडलमा ३-४ दिनपछि प्रति खाडल २ दाना पर्ने गरी २-३ से.सी. गहिरो गरी रोप्नु पर्दछ । रोप्ने समयमा जग्गामा चिस्यान कायम हुनु पर्दछ । प्लाष्टिक थैलामा बिरुवा उमारेर पनि माथि गरिएको खाडलमा बिरुवा सार्न सकिन्छ ।

## गोडमेल र सिचाई

आवश्यकता अनुसार झारपात देखिपछि गोडिदिनु पर्दछ । बिरुवा ठुलो भई फूल्न थाले पछि हातले झारपात उखेली दिनु राम्रो हुन्छ । कोदालोले गोड्दा जरा या काण्डमा चोट लागेर जिवाणूहरुले संक्रमण गर्न सक्दछ । लहरा जाने र फूल फूल्ने समयमा पानीको निकै आवश्यकता पर्दछ । माटोको चिस्यान हेरी सिंचाई गर्नु पर्दछ ।

## थाक्रा दिने/छापो हाल्ने

यो बाली लहरा जाने हुँदा थाँक्रा दिनु आवश्यक हुन्छ । हिउदमा थाँक्रा दिन सकिएन भने बिरुवाको वरिपरि परालले छापो हालीदिनु पर्दछ । साथै काँक्राको पहिलो मुन्टा चुडिदिएमा धेरै लहरा निस्कन्छ र बढी फल लाग्दछ । थाँक्रा नदिएको बोट भन्दा दिएको